# बागमती विश्वविद्यालय अन्तराष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक सिफारिस सम्वन्धी मापदण्ड, २०८३

**प्रस्तावना,**

बागमती विश्वविद्यालय विधान २०८१, सङ्गठन तथा शैक्षिक प्रशासनसम्वन्धी विनियम, २०८२ को विनियम ३४(३) बमोजिमको निर्देशक कार्यकारी परिषद्‌बाट नियुक्ति गर्नका लागि सिफारिस गर्ने प्रक्रियालाई व्यवस्थित एवम् पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौटगर्न बागमती विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) ले यो सिफारिस मापदण्ड बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस मापदण्डको नाम "बागमती विश्वविद्यालयको अन्तराष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक सिफारिस सम्बन्धी मापदण्ड, २०८३" रहेको छ ।

(ख) यो मापदण्ड स्वीकृत मितिबाट लागू भई सिफारिस अवधिसम्म कायम रहनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "उम्मेदवार" भन्नाले निर्देशक पदमा सिफारिसका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरू पेश गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "कार्ययोजना" भन्नाले बागमती विश्वविद्यालयको निर्देशक पदका उम्मेदवारले अनुसूची १ बमोजिम पेश गर्ने व्यावसायिक कार्ययोजना सम्झनु पर्दछ ।

(ग) "तोकिएको समय" भन्नाले निर्देशकका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरू पेश गर्न तोकिएको अन्तिम मिति सम्झनु पर्दछ ।

(घ) "विश्वविद्यालय" भन्नाले बागमती विश्वविद्यालय सम्झनु पर्दछ ।

(ङ) "सिफारिस समिति" भन्नाले निर्देशक सिफारिस गर्न विश्वविद्यालय कार्यकारी परिषदको निर्णय बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्दछ ।

(च) "निर्देशक" भन्नाले अन्तराष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक सम्झनु पर्दछ ।

**३. बैठक सम्वन्धी व्यवस्था**

(क) सिफरिस समितिको बैठक सिफारिस समितिको संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) बोर्ड अफ ट्रस्टीको बैठकबाट स्वीकृत यस मापदण्डअनुसार सिफारिस समितिले आफ्नो कार्य सम्पादन गर्नेछ ।

(ग) समितिले आवश्यकतानुसार सम्वन्धित विषयवस्तुको ज्ञातालाई बैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

**४. सिफारिसको आधार तथा मापदण्ड**

**(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता**

क. विश्वविद्यालयको लागि स्थानीय सरकार, प्रदेश सरकार एवम् केन्द्र सरकारका निकायहरू तथा जनसमुदाय एवम् अन्तराष्ट्रिय विश्वविद्यालय, सङ्घसंस्था र कुटनीतिक नियोगहरूसँग सम्पर्क स्थापना गर्न सक्ने, कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवको प्रमाणिक आधारहरू (तालिम, अनुभव, अध्ययन भ्रमण, विदेशी विश्वविद्यालयमा अध्ययन, अध्यापन, अनुसन्धानको अनुभव आदि),

ख. शैक्षिक उपाधि, अनुसन्धान, प्रकाशन, प्रतिलिपि अधिकार तथा विद्यावारिधि,

ग. राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थामा रही कार्यगरेको अनुभव,

घ. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित परियोजनाहरूको नेतृत्व तथा कोष वृद्धिसम्बन्धी कार्य सम्पादन गरेको,

ङ. विश्वविद्यालयको उदेश्यअनुरूप जनसम्पर्क तथा अन्तराष्ट्रिय सम्पर्क स्थापनाका लागि ३,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

च. विश्वविद्यालयको उदेश्यहरूसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

छ. शैक्षिक प्रशासन, प्राज्ञिक पदमा कार्य अनुभव, अन्तराष्ट्रिय विश्वविद्यालयमा पठनपाठनको अनुभव

ज. कुनै पनि राजनीतिक दलको सदस्य नरहेको र पदमा रहदासम्म राजनैतिक दलसँग आबद्ध नहुने स्व: घोषणा,

झ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व:घोषणा (कुनै कानुनले अयोग्य नठहरिएको) ।

**(२) आवदनका साथ पेस गर्नुपर्ने मुख्य कागजातहरू**

क. व्यक्तिगत विवरण,

ख. अन्तराष्ट्रिय विश्वविद्यालयको प्राध्यापक वा सहप्राध्यापक वा उपप्राध्यापकको रुपमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणिक कागजात,

ग. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाको नेतृत्व (PI, Co-PI O Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी भए गरेका अनुभवका कागजात,

घ. बुँदा ४ (१) को खण्ड (ख) मा तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा सामग्रीहरू,

ङ. विश्वविद्यालयको उदेश्यअनुरुप जनसम्पर्क तथा अन्तराष्ट्रिय सम्बन्ध स्थापना गर्ने सम्बन्धमा तयार गरिएको ३,००० शब्दसम्मको कार्ययोजना,

च. विश्वविद्यालयसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

छ. आफूले प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने,

ज. माध्यमिकदेखि विद्यावारिधिसम्मका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि,

झ. नेपाली नागरिकता र उमेर खुल्ने प्रमाणपत्र,

ञ. कुनै राजनैतिक दलको सदस्य नरहेको र पदमा रहदासम्म राजनैतिक दलसँग आबद्ध नहुने स्व:घोषणा,

ट. कुनै कानुनले अयोग्य नरहेको स्व:घोषणा ।

**५. छनोट तथा सिफारिससम्बन्धी आधार तथा अङ्क गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ । गणना गर्दा अधितम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ ।

| आधार | पूर्णाङ्क | गणना विधि | कैफियत |
|---|---|---|---|
| (क) अनुसन्धान, शिक्षण अनुभव | १५ | ▪ अन्तराष्ट्रिय विश्वविद्यालयमा कम्तीमा उप प्राध्यापक वा सो सरह र सोभन्दा | |

| | | | |
|---|---|---|---|
| | | माथिल्लो तहमा रही शिक्षण, अनुसन्धान गरेको अनुभव, प्रतिवर्ष २ अङ्कका दरले अधिकतम १० अङ्क<br>▪ स्वदेशी विश्वविद्यालय अन्तरगतका निकायहरूमा गरेको शिक्षण अनुभव प्रतिवर्ष १ अङ्कको दरले अधिकतम ५अङ्क । | |
| (ख) शैक्षिक योग्यता | १० | ▪ सार्क राष्ट्र बाहेकका अन्तराष्ट्रिय विश्वविद्यालयबाट विद्यावारिधि गरेको १० अङ्क ।<br>▪ सार्क राष्ट्रबाट विद्यावारिधि गरेको ५ अङ्क । | ▪ एक विद्यावारिधिको मात्र अङ्क प्रदान गरिने । |
| (ग) अनुसन्धान सम्बन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक प्रतिलिपि अधिकार | ३० | समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरीकृत जर्नल, प्रविधि विकास, अनुसन्धान र प्रतिलिपी अधिकार :<br>▪ अन्तराष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (Sci Mago जर्नलको स्तरअनुसार) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकको विज्ञहरूबाट मूल्याङ्कनगरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशित अङ्क प्रदान गरिनेछ ।<br>▪ Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमिशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ प्रतिलिपि अधिकार प्रति अधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमिशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| | | र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति) PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।<br>▪ राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति) PI भएमा पूर्णाङ्क (Full Marks) र Co PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।<br>▪ अनुसन्धानमूलक पुस्तक प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४ अङ्क<br>▪ विद्यावारिधि शोधनिर्देशन/सहनिर्देशन ६ अङ्क प्रति शोधनिर्देशन २ अङ्क प्रति सहनिर्देशन १ अङ्क (उपाधि प्रदान भइसकेको हुनुपर्ने) | |
| (घ) जनसम्पर्क दक्षता | १० | ▪ नेतृत्व तहमा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी कार्य गरेको प्रतिबर्ष २ अङ्क<br>▪ संस्थाको सदस्य रहेर अनुसन्धान जनसम्बन्ध सम्बन्धी कार्य गरेको प्रतिबर्ष १ अङ्क | |
| (ङ) रणनीतिक कार्ययोजना र कार्यान्वयन | १५ | ▪ समितिका सदस्यहरूको मूल्याङ्कन न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्न परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरको हुनु पर्नेछ । | ▪ रणनीति योजनाको मूल्याङ्कन आधार अनसूचीमा समावेश भएबमोजिम अथवा रणनीति योजनाको मूल्याङ्कन आधार अनूसूचीमा समावेश भए बमोजिम अथवा समितिबाट तयार पारिएको मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |
| (च) कार्ययोजना प्रस्तुती तथा अन्तर्वार्ता | २० | ▪ समितिका सदस्यहरूको मूल्याङ्कन न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्न परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ । | ▪ प्रस्तति तथा अन्तरवार्ता अनूसचीमा समावेश भएबमोजिम अथवा समितिबाट तयार गरिएको प्रस्तुतिको आधारमा रही मूल्याङ्कन गरिने । |

**६. छनोट समिति**

कार्यकारी परिषद्‌बाट प्राध्यापकको संयोजकत्वमा अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय छनोट समिति गठन गरिनेछ ।

**७. सिफारिससम्बन्धी व्यवस्था**

(क) निर्देशक पदमा आवेदन गर्ने उम्मेदवारहरूमध्ये बुँदा ५ को खण्ड (क) देखि (ङ) सम्मको आधारमा प्राप्त हुने कूल अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने ५ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ ।

(ख) बुँदा ५ को खण्ड (क) देखि (च) सम्मका आधारहरूमा प्राप्त अङ्कको योगफलका आधारमा सर्वोत्तम अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारहरूलाई समितिले निर्देशक पदमा नियुक्तिका लागि वर्णानुक्रमको आधारमा सिफारिस गर्नेछ ।

(ग) बुँदा ५ को खण्ड (क) देखि (च) सम्मको अङ्क गणनाअनुसार उम्मेदवार सिफारिस गर्न प्राप्ताङ्क बराबर भएमा बुँदा ५ को खण्ड (ङ) मा उल्लेख भएबमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइनेछ र ५ को खण्ड (ङ) बमोजिम बराबर भएमा बुँदा ५ को खण्ड (ख) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिई समितिले कार्यकारी परिषद्मा सिफारिस गर्नेछ ।

सिफारिस समितिमा प्राप्त भएका उम्मेदवारहरू मध्येबाट सबै उम्मेवारको मूल्याङ्कन गरी उत्कृष्ट पाँचजना उम्मेदवारको सक्षिप्त सूची (सर्टलिष्ट) गरिनेछ । पाँचौ नम्वरमा एकभन्दा बढी उम्मेदवारको समान अङ्क भएमा समान अङ्क प्राप्त गर्ने सबैलाई संक्षिप्त सूचीमा समावेश गरिनेछ तर पाँचजना वा सोभन्दा कम उम्मेदवारको आवेदन परेमा न्यूनतम योग्यता पुरा गरेका सबैलाई कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्तामा समावेश गरिनेछ । व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको अङ्कसमेतको कुल अङ्क १०० मा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट उत्कृष्ट तीन जना उम्मेदवारहरूको नाम वर्णानुक्रमका आधारमा विश्वविद्यालयको निर्देशकमा नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस समितिले कार्यकारी परिषद समक्ष सिफारिस गर्नेछ ।

**८. बाधा अड्काउ फुकाउने :**

१. सार्वजनिक सूचना आव्हान गर्दा निवेदन नपरेमा वा प्राप्त भएका निवेदनहरूमा न्यूनतम योग्यता नपुगेमा पुनः अर्को सात दिनको समय दिई सूचना आव्हान गरिनेछ ।

२. दोस्रो पटक सूचना आव्हान गर्दा पनि निवेदन नपरेमा वा परेका निवेदनहरू पनि योग्य नभएमा योग्यता पुगेको जो कोही एक जनालाई नियुक्तिका लागि सिफारिस गर्नेछ । यस मापदण्डमा उल्लेख भएका व्यवस्थाहरू यसै बमोजिम र अन्यमा बागमती विश्वविद्यालयको कार्यकारी परिषदको निर्णय बमोजिम हुनेछ ।

३. सिफारिस सम्वन्धी कार्य सम्पादन गर्दा समितिले आवश्यकता अनुसार यस मापदण्डको व्याख्या गर्ने तथा अन्य उपयुक्त निर्णय गरी कार्यसम्पादन गर्न सक्नेछ ।

## अनुसूची १

## उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू

१. निवदेन,

२. वैयक्तिक विवरण (CURRICULUM VITAE),

३. विश्वविद्यालयको अवधारणासहितको सम्बन्धित सङ्कायको व्यावसायिक कार्ययोजना (बढीमा ३००० शब्दसम्म),

४. कार्य योजनाका साथ पेश गर्नुपर्ने कागजात

  क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

  ख. ५६ वर्ष उमेर ननाघेको (उमेर खुलेको प्रमाणपत्र),

  ग. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

  घ. मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सोभन्दा माथिको शैक्षिक योग्यता भएमा सो बमोजिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि,

  ङ. तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा सामग्रीहरू, प्रकाशित पुस्तकहरूको सक्कलप्रति र प्रकाशित लेखरचना (प्रकाशित जर्नलको पहिचान प्रष्ट खुल्नेगरी) प्रमाणित प्रतिलिपि,

च. अन्तराष्ट्रिय विश्वविद्यालयमा अध्यापन गरेको कार्य अनुभवको प्रमाणित कागजात,

छ. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाको नेतृत्व (PI, Co-PI O Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी भए गरेका अनुभवका कागजात,

ज. कानुनबमोजिम गठित संस्थामा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा जनसम्पर्क सम्बन्ध विस्तार सम्बन्धी कार्य गरेको अनुभव भए सो सम्बन्धी कागजात,

झ. उच्च शिक्षा प्रदायक संस्थामा काम गर्दा वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कार्य अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण, आफूले शैक्षिक, प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा प्रमाणित विवरण

ञ. माध्यमिक तहदेखि विद्यावारिधिसम्मका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि,

ट. वैदेशिक विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रहरू त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त भएको हुनुपर्नेछ,

ठ. विश्वविद्यालय अन्तर्गतका शिक्षण संस्थामा शिक्षण गरेको अनुभवको प्रमाणित कागजात,

ड. विश्वविद्यालयसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा लगानी नभएको/नगरेको स्वघोषणा,

ढ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व:घोषणा (कुनै कानुनले अयोग्य नठहरिएको),

ण. कुनै राजनैतिक दलको सदस्य नरहेको र पदमा रहदासम्म राजनैतिक दलसँग आबद्ध नहुने स्व:घोषणा,

## अनुसूची २

**क. निर्देशकको अवधारणासहितको कार्ययोजना मूल्याङ्कन** १५

| क.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | २ |
| २. | विद्यमान अवस्थाका समस्या, अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis ) | ३ |
| ३. | रणनैतिक कार्ययोजना<br>क. अन्तराष्ट्रिय सम्बन्धको महत्व र यसका आधारहरू<br>ख. जनसम्पर्क स्थापनाको महत्व<br>ग. विश्वविद्यालयले अवलम्बन गर्नुपर्ने कार्यदिशा<br>घ. समयबद्ध कार्ययोजना | १० |
| | **जम्मा** | **१५** |

**ख. कार्ययोजना प्रस्तुतिकरण** १०

| क.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | प्रस्तुति | २ |
| २. | विषयवस्तुको ज्ञान (कार्ययोजना र प्रस्तुतिको सामञ्जस्यता) | ३ |
| ३. | समस्या समाधान र कार्ययोजनामा स्पष्टता | ३ |
| ४. | प्रस्तुतिको शैली, भाषा, आत्मविश्वास, व्यक्तित्व र समय व्यवस्थापन | २ |
| | **जम्मा** | **१०** |

**ग. अन्तर्वार्ता** १०

| क.स. | शीर्षक | अङ्कभार |
|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | ३ |
| २. | आत्मविश्वास र व्यक्तित्व | ४ |
| ३. | अभिव्यक्ति र तार्किक क्षमता | ३ |
| | **जम्मा** | **१०** |

प्रस्तुतिकरण तथा अन्तर्वार्तामा न्यूनतम ४० प्रतिशत भन्दा कम र अधिकतम ८० प्रतिशतभन्दा माथी अङ्क प्रदान गर्नु परेमा उपर्युक्त कारण जनाउनु पर्ने छ । कम्तीमा २ जना अन्तर्वार्ताकारहरूले कारण जनाइ दिएको अङ्कलाई मान्यता दिइने छ अन्यथा न्यूनतम वा अधिकतम अङ्क कायम गरिने छ ।